# कमल राजपत्र

## कमल गाउँपालिका

## गाउँकार्यपालिकाद्वारा प्रकाशित

मिति २०८३।०१।१०

## भाग:२

अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ (पहिलो संशोधन २०८२)

अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ को परिच्छेद-२ को दफा ४ बमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको दफा ३ को उपदफा १ मा प्रकृतिका आधारमा अपाङ्गतालाई १० (दश) प्रकारमा वर्गीकरण कार्यपालिकाले बनाएको यो कार्यविध सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५** (पहिलो संशोधन २०८२)

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐनको दफा ३ को उपदफा १ मा प्रकृतिका आधारमा अपाङ्गतालाई १० (दश) प्रकारमा वर्गीकरण गरिएको छ।

(१) शारीरिक अपाङ्गताः स्नायु मासंपेशी र जोर्नी तथा हड्डीको बनावट एवं सञ्चालनमा समस्या भएको कारणबाट कुनै व्यक्तिको अङ्गको सञ्चालन प्रयोग र हिँडडुलमा समस्या (जस्तैः बाल पक्षघात पोलियो शारीरिक अङ्गविहिन कुष्ठ प्रभावित मांशपेशी विचलन मस्कुलर डिस्ट्रोफि) जोर्नी र मेरुदण्ड सम्बन्धी स्थायी समस्या क्लवफिट पैताला फर्केको रिकेट्स हड्डी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता) तथा सोह्र वर्ष उमेर पुगेको व्यक्तिमा उमेर बमोजिम हुनुपर्ने औसत उचाई भन्दा ज्यादै कम उचाई भएको व्यक्ति आदि ।

(२) दृष्टीसम्बन्धी अपाङ्गताः दष्टिसम्बन्धी देहायकको समस्याबाट कुनै व्यक्तिमा कुनै पनि वस्तुको आकृति आकार रुप र रङ्गको ज्ञान नहुने ,

(क) दृष्टिविहिनताः औषधी शल्यचिकित्सा चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दुरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/६०) मा पढ्न नसक्ने व्यक्ति ।

(ख) न्यूनदृष्टियुक्तः औषधि शल्यचिकित्सा चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दुरीबाट हातको औंला छुट्याउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।

(ग) पूर्ण दृष्टिविहिनः पूर्ण रुपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति ।

(३) सुनाइ सम्बन्धी अपाङ्गताः सुनाइका अङ्गको बनावट एवं स्वरको पहिचान स्थान उतार चढाव तथा स्वरको मात्रा र गुण छुट्याउन नसक्ने

(क) बहिराः असी डेसीबल भन्दा माथिको ध्वनी सुन्न नसक्ने वा संचारका लागि सांकेतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति ।

(ख) सुस्तश्रवणः सुन्नलाई श्रवणयन्त्र राख्नु पर्ने वा पैंसठ्ठी देखि असी डेसिबल सम्मको ध्वनी सुन्न सक्ने व्यक्ति ।

(४) श्रवण दृष्टिविहिन अपाङ्गताः सुनाइसम्बन्धी र दृष्टिसम्बन्धी दुबै अपाङ्गता भएको वा दुइवटा इन्द्रिय सम्बन्धी अपाङ्गताको संयुक्त अर्न्तक्रिया रहेको व्यक्ति ।

(५) स्वरबोलाई सम्बन्धी अपाङ्गताः स्वर र बोलाई सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सिमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाई, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोर्याउने व्यक्ति ।

(६) मानसिक तथा मनोसामाजिक अपाङ्गताः मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना अभिमुखिकरण, स्फूर्ती स्मरण शक्ति, भाषा गणना जस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याका कारणले उमेर र परिस्थिति अनुसार व्यषवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

(७) बोद्धिक अपाङ्गताः उमेरको बृद्धिसंगैं बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक् ।(जस्तैः डाउन्स सिन्ड्रोम समेत)

(८) अनुवंशीय रक्तश्राव(हेमोफिलिया) सम्बन्धी अपाङ्गताः अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

(९) अटिज्म सम्बन्धी अपाङ्गताः जन्मजात नसा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति (जस्तैः संचार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकास सँगै सामान्य व्यवहार नदेखाउनु, अस्वभाविक प्रतिक्रिया देखाउनु, एउटै क्रिया लगातार देखाउनु, अरुसंग घुलमिल नहुनु वा तिव्र प्रतिक्रिया गर्ने व्यक्ति )

(१०) बहुअपाङ्गताः एउटै व्यक्तिमा माथि उल्लेखित दुई वा दुई भन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति ।(जस्तै मस्तिष्क पक्षघात आदि)

**आज्ञाले,**

**केशव कुमार ढकाल**

**प्रमुख प्रशासकीय अधिकृत**

कमल सागर